# सुरुवात




Published by the Comic Bible Society, LLC
Copyright © 2021

Kingstone Comics maintains copyright to this comic book as provided by United States copyright law.

Print and digital copies of this version may be freely distributed without penalty under a Creative Commons license.


आदिमा–समयको सृष्टि हुनुभन्दा अगाडि–परमेश्वर हुनुहुन्थ्यो ।
उहाँको अस्तित्त्व तीन व्यक्तिमा थियो–एक अर्कासित बराबर–तीन जना नै अनन्तकोष– तर तत्त्व अर्थात् सारमा एक हुनुहन्थ्यो ।
परमेश्वर एक्लै हुनहुन्न थियो– उहाँको एक अर्कासित प्रेमपूर्ण संगति थियो ।
अनि उहाँ नै त्यो व्यक्ति हुनुहुन्थ्यो जसले स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुभयो ।

उत्पत्ति १:१–२


अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस्", तब उज्यालो भइहाल्यो ।
परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो । उहाँले उज्यालो र अँध्यारोलाई अलग अलग गर्नुभयो ।
परमेश्वरले उज्यालोलाई दिन भन्नुभयो, र अँध्यारोलाई रात भन्नुभयो । साँझ पऱ्यो र बिहान भयो –पहिलो दिन
अनि परमेश्वरले भन्नुभयो, पानीका बीचमा एक अन्तर होस् र त्यसले पानीलाई दुई भाग गराओस ।
अनि परमेश्वरले एउटा अन्तर बनाउनुभयो र अन्तरमुनिको पानीलाई अन्तरमाथिको पानीबाट अलग गर्नुभयो, तब त्यस्तै भयो । परमेश्वरले त्यस अन्तरलाई "आकाश" भन्नुभयो ।




उत्पत्ति १:३–८


अनि परमेश्वरले भन्नुभयो, "आकाशमुनिको पानीहरू एक ठाउँमा जम्मा होऊन्, र सुक्खा जमिन देखा परोस्"।
तब त्यस्तै भइहाल्यो। परमेश्वरले सुख्खा भूमिलाई "पृथ्वी" भन्नुभयो, र जम्मा भएको पानीलाई "समुद्र भन्नुभयो"।
र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।
तब परमेश्वरले भन्नुभयो, "भूमिले वनस्पति, बीउ हुने बोट बिरुवाहरू र आ–आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।" तब त्यस्तै भइहाल्यो।


भूमिले वनस्पति, बीउ हुने बोटहरू र आ-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमार्‍यो ।
अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।
साँझ पर्‍यो र बिहान पर्‍यो-तेस्रो दिन ।
उत्पत्ति १:९-१३



सृष्टि गरिएको हप्ताको चौथो दिनमा परमेश्वरले सूर्य, चन्द्र र ताराहरू बनाउनुभयो- एउटै विशाल ब्रम्हाण्ड ।
अनि परमेश्वरले भन्नुभयो, "दिनलाई रातबाट अलग पार्नलाई आकाशको अन्तरमा ज्योतिहरू होऊन्, तिनीहरूले ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून् र पृथ्वीमाथि उज्यालो दिनलाई ती आकाशको अन्तरमा ज्योतिहरूका निम्ति होऊन् ।"
तब त्यस्तै भइहाल्यो । अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो-ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न । उहाँले ताराहरू पनि बनाउनुभयो ।


परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग अलग गर्नलाई ती आकाशमा राख्नुभयो ।
अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।
साँझ पर्‍यो र बिहान भयो–चौथो दिन ।
उत्पत्ति १:१४–१९


सृष्टि गरिएको हप्ताको पाँचौ दिन,परमेश्वरले समुद्रहरूलाई जीवित प्राणीहरूले भरिदिनुभयो ।
अनि परमेश्वरले भन्नुभयो, “पानी जीवित प्राणीहरूले प्रशस्त गरी भरिऊन् र पंक्षीहरू चाहिँ पृथ्वीमाथि आकाशमा उडून्” ।
यसैले समुद्रका विशाल जलचरहरू, पानीहरूमा भरिएर चलहल गर्ने किसिमका सबै जीवित प्राणीहरू र जात जातका पखेटा पखेटा भएका सबै पंक्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो ।



अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।
परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष दिनुभयो, "फल्दै फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदै जाओ । अनि पंक्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदै जाओस्" ।
अनि साँझ पऱ्यो र बिहान भयो – पाँचौ दिन ।
उत्पत्ति १:२०–२३


सृष्टि गरिएको हप्ताको छैटौँ दिन परमेश्वरले जमिनमा चलहल गर्ने जनावरहरूको सृष्टि गर्नुभयो ।
तब परमेश्वरले भन्नुभयो, “पृथ्वीले जात जातका जीवित प्राणीहरू, अर्थात् जात जातका पाल्तु पशुहरू घस्रने जन्तुहरू र जात जातका जङ्गली पशुहरू उत्पन्न गराओस् ।”


तब त्यस्तै भयो ।
परमेश्वरले पृथ्वीका जात जातका जङ्गली पशुहरू, जात जातका पाल्तु पशुहरू र जमिनमा घस्रने जात जातका जन्तुहरू बनाउनुभयो ।
अनि परमेश्वलले हेर्नुभयो, त्यो असल थियो ।
उत्पत्ति १:३१–२:७


छैटौँ दिनमा, परमेश्वरले भूमिको माटोबाट एउटा नयाँ प्राणी सृष्टि गर्नुभयो ।
परमेश्वरले माटोको शरीरभित्र सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भयो । उसलाई परमेश्वरको स्वरुपमा –जनावरहरूभन्दा –उच्च कोटीको बनाइएको थियो ।
परमेश्वरले नयाँ प्राणीलाई मानिस भन्नुभयो र उसलाई आदम भन्ने नाउँ दिनुभयो ।
परमेश्वरले आफूले सृष्टि गर्नुभएको सबै थोकलाई हेर्नुभयो र भन्नुभयो, “यो एकदम राम्रो छ ।”


उत्पत्ति १:३१–२:७


अब परमप्रभु परमेश्वरले अदनको पूर्वपट्टि एउटा बगैँचा बनाउनुभयो ।
आफूले बनाएको मानिसलाई उहाँले त्यहीँ राख्नुभयो ।
बगैँचामा भएका रूखहरू हेर्नमा सुन्दर र खानमा असल थियो ।
बगैँचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो र त्यो नदी बगैँचा हुँदै बाहिर बगेर जान्थ्यो ।
यद्यपि परमेश्वरले मानिसको सृष्टि गर्नु भएतापनि उहाँले मानिसलाई काम दिनुभयो – बगैँचाको हेरचाह गर्ने ।


उत्पत्ति २:४–१५


बगैँचाको बीचमा दुई ओटा रूखहरू थिए। एउटा जीवनको रूख थियो – जसले अनन्त जीवन दिन्थ्यो। अर्को असल र खराबको ज्ञान दिने रूख थियो।
परमप्रभुले मानिसलाई बगैँचाको जुनसुकै फल खाए पनि हुन्छ भनी भन्नुभयो तर उहाँले उसलाई एउटा कडा चेतावनी पनि दिनुभयो...


तैँले असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैँले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।
उत्पत्ति २:९, १५-१७



परमेश्वरले सबै भूमि पशु र आकाशका सबै पंक्षीहरू पनि भूमिबाटै बनाउनुभयो ।
आदमले तिनीहरूको के के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई आदमकहाँ ल्याउनुभयो ।

उत्पत्ति २:१९–२०


हरेक दिन आदमले परमेश्वरसित प्रत्यक्ष रुपमा कुराकानी गर्ने र उहाँसितको घनिष्ट संगतिमा आनन्दित हुने अवसर पाएको थियो ।
परमेश्वर जान्दथे कि एक्लै रहन आदम को लागी राम्रो थिएन ।
तर सबै जनावरहरू बीच, परमेश्वरले देख्नुभएको थियो कि त्यहाँ आदमको लागि कुनै जोडि उपयुक्त थिएन ।
तब परमेश्वरले आफ्नो सृष्टिको योजनामा अर्को ठूलो कदमलाई प्रकट गर्नुभयो ।
परमेश्वरले आदमलाई मस्त निद्रामा पारिदिनुभयो र ऊ निदाइरहको बेलामा उसका करङ्गहरूमध्येबाट एउटा करङ्ग निकाल्नुभयो ।
र आफ्नो करङ्गबाट उहाँले पहिलो स्त्री बनाउनुभयो....

उत्पत्ति २:१८–२४


अनि उहाँले त्यसलाई मानिसकहाँ ल्याउनुभयो ।
तिनी हर तवरले उसको लागि पूर्ण सहयोगी थिइन् ।
आदमले आफ्नी सुन्दर पत्नीको नाउँ हब्बा राखे ।


परमेश्वरले तिनलाई मानिसकहाँ ल्याउनुभयो – यसरी परमेश्वरले सबैभन्दा पहिलो विवाह गरिदिनुभयो ।
तिनको सुन्दरता र परमेश्वरले तिनलाई दिनुभएको अवर्णनीय उपहारद्वारा आदम अभिभूत भए ।

उत्पत्ति २:२२-२५


शैतान पतित भएका स्वर्गदूतहरूमध्येका एक हुन् । त्यसले परमेश्वरको सुन्दर योजनालाई नष्ट गर्ने खोज्यो ।
त्यसले परमेश्वरको सुन्दर कामलाई नष्ट गर्ने मौकाको प्रतीक्षा गरिरहेको थियो ।
त्यसैले त्यो एउटा सर्पको शरीरभित्र प्रवेश गऱ्यो र त्यस द्वारा हब्बासित कुरा गऱ्यो ।
त्यसले सबैभन्दा पहिले परमेश्वरले भन्नुभएको कुरामाथि शंका गर्न लगाउने कोशिश गऱ्यो ।
के साँच्चै परमेश्वरले तिमीहरूलाई “बगैंचाको कुनै पनि रूखको फल नखानू” भनी भन्नुभएको छ ?
परमेश्वरले तिनीहरूलाई भन्नुभएको कुरामा हब्बा पूर्ण रूपमा सचेत थिइन् र उनले परमेश्वरले भन्नुभएको कुरालाई दोहोऱ्याइन् ।
बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, “त्यो चाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ ।”


त्यसपछि शैतानले पूर्ण झुट्टो बोल्यो र हव्वाको मनमा परमेश्वरको भलाइ र चरित्रको बारेमा प्रश्न उब्जाइ दियो ।
तिमीहरू मर्नेछैनौँ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ ।
फल खानलाई असल.... र सुन्दर छ ।
अनि मैले बुद्धि पनि पाउन सक्छु ।
हेर त, म मरिनँ । तिमी पनि खाऊ, तिमी पनि बुद्धिमान हुनसक्छौ ।


ओहो, यो मैले के गरेँ नि !
नाइँ !
त्यही बेला आदम र हब्बाले परमेश्वरको प्रेमिलो आज्ञा उल्लंघन गरी पाप गरेको कारण पहिलो पल्ट लाज वा शर्मको अनुभव गरेका थिए ।
मैले पहिले यस्तो कहिल्यै अनुभव गरेका थिइनँ ।
मलाई आफू कस्तो घिनलाग्दो महसूस भैरहेको छ ।
आदम र हब्बा दुवैले मिलेर अञ्जीरका पातहरू गाँसेर आफ्नो नग्नता ढाक्ने प्रयास गरे ।
अनि जब दिनको शीतल क्षणमा परमेश्वर बगैँचामा हिँडिरहनुभएको तिनीहरूले सुने, तब तिनीहरू भागे र लुके ।

उत्पत्ति ३:६–८


तँ कहाँ छस् ?
मैलेतपाईँको सोर बगैँचामा सुनेँ र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकेँ ।
तँ नाङ्गै छस् भनेर कसले भन्यो ?
के तैँले त्यस रूखबाट खाइस्, जसबाट तैँले खानुहुँदैन भनी मैले तँलाई आज्ञा गरेको थिएँ ?
जुन स्त्रीतपाईँले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ ।
तैँले यो के गरिस् ?
सर्पले मलाई छल गर्‍यो, त्यसैले मलाई तिमी मर्नेछैनौँ तर तपाईँ जस्तै हुनेछु भनी भन्यो ।
त्यसले मलाई ढाँट्यो...
तैँले यसो गरेको हुनाले तँ सबै पाल्तु पशुहरू र सबै जङ्गली पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस् । पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैँले माटो खानेछस् ।
तेरो र स्त्रीको बीचमा दुश्मन हुने छ ....
“अनि तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु ।
त्यसले तेरो शिर कुच्च्याउनेछ र तैँले त्यसको कुर्कुच्चो डस्नेछस् ।
परमेश्वरले शैतान र दूतहरूलाई नाश गर्न सक्नुहुन्थ्यो तर कसले परमेश्वरलाई पछ्याउनेछ र कसले शैतानको विद्रोहलाई साथ दिएर त्यसलाई पछ्याउनेछ भनी मानवजातिको जाँच गर्नको लागि उहाँले तिनीहरूलाई जिउन दिनुभयो ।
यहाँ परमेश्वरले भविष्यमा हुनेवाला लडाइँको प्रतिज्ञा गर्नुहुन्छ, जुन बेला यस स्त्रीका सन्तानले शैतानमाथि विजय पाएर पाप तथा मृत्युको श्रापदेखि मानवजातिलाई छुटकारा दिनुहुने थियो ।


पापको श्राप अब मानव जातिमा सक्रिय र जीवित हुन थाल्यो ।
तेरो सुत्केरी वेदना म ज्यादै गरी बढाइदिनेछु : दुःखसँग तैँले बालक जन्माउने छस् ।
तेरो इच्छा पतितर्फ नै हुनेछ र त्यसले तँलाई अधीनमा राख्नेछ ।
तैँले तेरी पत्नीको कुरा सुनेर 'मैले नखानू' भनेको रूखको फल खाएको हुनाले भूमि तेरो कारण श्रापित भएको छ....
तेरो जीवनभरि दुःख सँग त्यसको उब्जनी तैँले खानेछस् ।
त्यसले तेरो निम्ति काँढा र सिउँढीहरू उमार्नेछ ।
माटोमा नफर्कुञ्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैँले खानेछस् किनकि माटैबाट तँ निकालिएको थिइस्...
किनकि तँ माटै होस्, र माटैमा फर्किजानेछस् ।
मानव इतिहासमा पहिलो पल्ट रगत बगाइएको कुरा यहाँ उल्लेख गरिएको छ जब परमेश्वरले दुई जनावरहरूलाई मारेर कपडाको रुपमा प्रयोग गर्नेको लागि पतन भएका ती मानिसहरूलाई त्यसको छाला दिनुभयो ।
पाप ढाक्नको लागि परमेश्वरले मात्र सही बलिदान जुटाउन सक्नुहुन्छ र यस प्रक्रियाको लागि अति आवश्यक भाग भनेको रगत बगाउने कार्य हो भन्ने कुराको यो एउटा चित्रात्मक दृष्टान्त थियो ।
परमेश्वर त्रिएक हुनुहुन्छ भन्ने तथ्यको एक झलक यहाँ बाइबलले दिएको छ । परमेश्वरले आफू तीन व्यक्तित्मा भएर अब के हुन्छ भनी छलफल गर्नुभएको छ ।
मानिस हामी जस्तै असल र खराबको ज्ञान जान्ने भएको छ ।
अब त्यसले जीवनको रूख फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैँभरि जीवित रहला ।


उत्पत्ति ३:१६-२२


त्यसैले परमप्रभु परमेश्वरले तिनीहरूलाई  अदनको बगैँचाबाट निकालिदिनु भयो ।
उहाँले तिनीहरूलाई तिनीहरूको पापमय अवस्थामा रहिरहेको चाहनुभएन ।
तिनीहरूलाई बगैँचाबाट धपाइ सक्नुभएपछि, जीवनको रूख तर्फको बाटो पहरा गर्नलाई परमेश्वरले करूबहरू र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो ।


परमेश्वरप्रतिको अनाज्ञाकारिताले ल्याएको धेरै दुःखदायी परिणामहरूमध्ये यो पहिलो थियो...
उत्पत्ति ३:२३-२४


बगैँचाबाट टाढा तिनीहरूको नयाँ घरमा आदम र हब्बाले आफ्नो पहिलो बालक कयिनलाई जन्माए ।


पछि तिनीहरूको दोस्रो छोरा पनि भए –हाबिल ।


परमेश्वरको पहिलो सृष्टिको रूपमा रहेका आदम र हब्बा आनुवंशिक रुपले सिद्ध थिए, त्यसैको परिणाम स्वरुप पहिलो पुस्ताहरू लामो समयसम्म बाँचे –सयौँ वर्षहरूसम्म पनि ।
सुरुमा परिवारका सदस्यहरूले नजीकको नातेदारसित विवाह गर्थे । नजीकको नातेदारबीचको विवाहद्वारा मानव शरीरमा विकृति ल्याउने वंशाणुहरू (जीन) त्यतिबेला विकसित भइसकेको थिएन ।
पछि, मोशाद्वारा परमेश्वरले नजीकका नातेदारहरूको बीचको अन्तरविवाहलाई निषेधित गरिदिनुभयो ।
साथै, जलप्रलय हुनुभन्दा अघिको वातावरणमा सम्पूर्ण पृथ्वीलाई पानीको आवरणले ढाकेको थियो जसले अल्ट्राभ्वाइलेट किरणहरूलाई रोक्ने भएको हुनाले त्यतिबेला धेरै स्वस्थ वातावरण थियो ।
निष्कलंक वंशाणु (जीन) र मानिसको लामो आयुको कारणले जनसंख्या तीव्र रुपमा बढ्दै जान थाल्यो ।

उत्पत्ति २:५, ४:१-२


कयिन र हाबिल बढ्दै गए। कयिनलले खेती किसानको काम रोजे।
कान्छा छोरा हाबिलले भेडा गोठालाको पेशा रोजे।
आदम र हब्बा अनि तिनीहरूका सन्तानलाई पापको गम्भीरताको बारेमा सम्झना दिलाउनको लागि परमेश्वरले तिनीहरूलाई कसरी बलिदान चढाउने भन्ने कुरा प्रकट गरिदिनुभएको थियो।
भेडाको गोठालो र भूमिको खेती किसानी दुवै आदरणीय पेशाहरू थिए तर कयिन र हाबिलले भिन्न भिन्नै तवरले परमेश्वरकहाँ आ-आफ्नो बलिदानहरू लिएर आए।
हाबिलको बलिदान आफ्नै बगालका पहिले जन्मेका पाठाहरूका बोसे भाग थियो। यो उनले परमेश्वरलाई आफ्नो हृदयले ल्याएको उत्तम बलिदान थियो।
अनि यो बलिदान परमेश्वरले तिनीहरूलाई प्रकट गरिदिनुभए अनुसारको थियो।
कयिनले आफ्नै इच्छाअनुसारको बलिदान ल्याए-उनका अन्नहरूमध्ये केही।
परमेश्वरले हाबिलको भेटीलाई ग्रहण गर्नुभयो तर कयिनको भेटीलाई चाहिँ गर्नुभएन।

उत्पत्ति ४:२-४


तँ किन रिसाउँछस् ?
तेरो मुख किन अँध्यारो छ ?
यदि तैँले जे ठीक छ, त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ?
यदि तैँले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकेरबस्छ....
यसको इच्छा तँ प्रति हुन्छ, तर तैँले त्यसलाई अधीन गर्नैपर्छ ।
तर कयिनले परमेश्वरको कुरा सुन्न चाहेन...
दाइ, परमप्रभुले मेरो नयाँ अन्नमा कस्तो आशिष दिनुभएको रहेछ, आएर हेर्नुहोस् त ।
तर दाइ, यी....
क्राक्क्

उत्पत्ति ४:६–८


तर परमेश्वरको नजरबाट कुनै कुरा लुक्न सक्तैन । उहाँले हामीले गरेको सबै कुरा जान्नुहुन्छ र देख्नुहुन्छ ।
परमेश्वरले कयिनकहाँ आउनुभयो र सोध्नुभयो.....
तेरो भाइ हाबिल कहाँ छ ?
मलाई के थाहा – के म मेरो भाइको गोठालो हुँ र ?
तैँले यो के गरिस् ?
सुन्, तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ ।
अब तँ श्रापित भएर यस भूमिबाट खेदिएको छस्, जसले तेरो भाइको रगत तेरो हातबाट लिनलाई आफ्नो मुख उघार्‍यो ।
तैँले भूमिमा खेती गर्दा अब उप्रान्त त्यसले तँलाई उब्जनी दिनेछैन ।
खेती किसानी मन पराउने कयिन अब भगुवा र डुलुवा हुनेभए ।
मैले सहन नसक्ने कडा दण्ड मुलाई भयो । आजतपाईंले मलाई यस भूमिबाट निकाल्दै हुनुहुन्छ, अब मैलेतपाईंको उपस्थितिबाट लुक्नुपर्नेछ ।
...म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछन् ।
त्यसो होइन, यदि कसैले तँलाई मार्छ भने, त्यससित सात गुणा बदला लिइनेछ ।
तब कयिन परमप्रभुको उपस्थितिबाट निस्केर अदनको पूर्वपट्टि भएको नोद भन्ने देशमा बस्न लागे ।




उत्पत्ति ४:१७-२२, ५:२४


परमेश्वरले आदम र हव्वालाई हत्या गरिएको छोराको बदलीमा अर्को छोरा सेत दिनुभयो ।
सेतकै वंशबाट परमेश्वरद्वारा प्रतिज्ञा गरिएका उद्धारकर्ता –मसीहा– एकदिन आउनुहुने थियो ।
यिनै पहिलो पुस्ताहरूबाट समाज तथा संस्कृतिहरूको वृद्धि हुन थाल्यो ।
तर मानिसहरू बढ्दै जान थालेपछि...पाप पनि बढ्दै जान थाल्यो ।
केही मानिसहरूले उहाँसित भत्केको सम्बन्ध पुनर्स्थापना हुने आशामा कृपा पाउन परमेश्वरलाई पुकारा गर्न थाले ।

उत्पत्ति ४:२५-२६


तर समाजका अधिकांश मानिस अत्यन्तै हिंसक र अनैतिक भए।
उपकरणहरू बनाउने धातुहरूबाट घाइते बनाउने र मार्ने हातहतियारहरू पनि बनाइयो।
मानिसको हरेक विचार पापपूर्ण थियो र कोही पनि धर्मी थिएनन्।
मानिसहरूले आफ्ना सङ्गी मानिसहरूलाई दासहरू बनाउन थाले।
आदमले एउटा पाप गरे–तर उनका सन्तानहरूले धेरै पापहरू गरे।
पृथ्वीमा मानिस बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो।
पवित्र र निष्कलङ्क परमेश्वरल पृथ्वीमा बढ्दै गएको दुष्टतादेखि दुःखित हुनुभयो।
उहाँले सृष्टि गर्नुभएका सबै मानिस र पशुलाई पृथ्वीबाट मेटाइदिने योजना उहाँले गर्नुभयो।
तर एकजना व्यक्तिले परमेश्वरको नजरमा अनुग्रह पाए।

उत्पत्ति ६:५–८

"THE BIBLE EXPLAINED
IN EVERY LANGUAGE."





# SUPERBIBLE.TV